# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, पुस १७ गते २०३८ साल (अतिरिक्ताङ्क ५६

श्री ५ को सरकार

### वन तथा भू–संरक्षण मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले मिति ०३८।९।१७ को निर्णयानुसार वन क्षेत्र सुदृढीकरणको लागि देहायबमोजिमको "कञ्चनपुर जिल्ला वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति" गठन गरेको छ ।

(क) समितिको गठनविधिः–

| | |
|---|---|
| (१) भू. पू. न्यायाधीश श्री सर्वज्ञराज पंडितज्यू– | अध्यक्ष |
| (२) श्री जीवछनारायण वछार– | सदस्य |
| (३) सम्बन्धित अञ्चलाधीश– | " |
| (४) " कन्जरभेटर– | " |
| (५) " प्रहरी उपरीक्षक– | " |
| (६) " जिल्ला पञ्चायत सभापति– | " |
| (७) महाकाली सिंचाइ आयोजना प्रमुख– | " |
| (८) सम्बन्धित प्रमुख जिल्ला अधिकारी– | " |
| (९) " मालपोत अधिकृत– | " |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) सम्बन्धित बसोबास प्रशासक– सदस्य
(११) " नेपाल पुनर्वास कम्पनी आयोजना प्रमुख– "
(१२) कञ्चनपुर जिल्लास्थित नापी क्याम्पका सम्बन्धित नापी प्रमुख– "
(१३) भूमिसुधार विभागका निर्देशक श्री अमृतमान श्रेष्ठ– सदस्य-सचिव
(१४) सम्बन्धित डी. एफ. ओ.– सह-सदस्य-सचिव

(ख) समितिको काम, कर्तव्य र अधिकारः–

१. कञ्चनपुर जिल्लाको वन बसोबास योजना अनुरूप कार्यान्वयन गर्न विभिन्न क्षेत्रहरूमा नयाँ अतिक्रमण भई असामान्य स्थिति सृजना भएकोले सो अतिक्रमण हटाउने, नम्बरीको जरियाबाट बढी जग्गा ओगटेको झिकी वितरण गर्नु पर्नेहरूलाई दिने, योजनानुसार सुरक्षा पेटी कायम गर्दा वन क्षेत्र कटान भै सकेको क्षेत्रबाट पुग्ने भए सट्टा भर्ना वा बसोबास सार्ने व्यवस्थित गर्ने र जग्गा नपुग हुनेहरूलाई मुआब्जाको व्यवस्था गरी क्रमशः उठाउने, वन क्षेत्रभित्रका आवादीहरूलाई आन्तरिक सीमाङ्कन गरी राख्ने र क्रमशः नगद मुआब्जा दिई हटाउने, आरक्ष विस्तारभित्र परेका नम्बरी र उठाउनु पर्ने अव्यवस्थित परिवारहरूलाई जग्गा सट्टा भर्ना दिई उठाउने र अव्यवस्थितलाई सारी अन्यत्र व्यवस्थित गर्ने,

२. वन जङ्गल क्षेत्रमा अतिक्रमण गरी बसेकाहरूलाई उक्त क्षेत्रबाट हटाउने,

३. समितिको मुख्य कर्तव्य वनमा अतिक्रमण हटाई वन जङ्गलको सुदृढीकरण गर्ने र नयाँ वन अतिक्रमण हुन नदिने,

४. सट्टा भर्ना दिना निमित्त छुट्याइएको जग्गामा अरू उनाउ व्यक्तिहरू आई जबर्जस्ती बसेकाहरूलाई सो क्षेत्रबाट हटाई सट्टा दिनु पर्नेहरूलाई दिने,

५. अव्यवस्थित बसोबासको सिलसिलामा लगत लिई सकेको जतिको मात्र कारवाही गर्ने,

६. ऐलानी जग्गा वितरण गर्ने सिलसिलामा जग्गा चलानी पूर्जा एकको नाममा भएको तर जग्गाको जोत भोग अरूले नै गरी विवाद उत्पन्न भएकोमा वास्तविक जोत भोगवाला पत्ता लगाई निजकै नाउँमा जग्गाधनी प्रमाणपूर्जा वितरण गर्ने,

७. पुनर्वास, बसोबास गराउने तथा सट्टा भर्ना दिने सम्बन्धमा वन क्षेत्र छुट्याई पूरा वा आंशिक कटान गरी सकेको क्षेत्रहरूमा योजना तथा निर्णय अनुसार बसोबास गराउने,

८. वन क्षेत्रमा बसोबास गराउने क्षेत्र तोकी निर्णय भै आंशिक रूपमा कार्यक्रम चालू भै सकेको क्षेत्रमा पनि वन पैदावारको सदुपयोगको कार्यक्रम बनाई क्रमिक रूपमा कटानी गर्ने,

९. सट्टा भर्ना दिई हटाउने क्षेत्रको सन्दर्भमा वन क्षेत्र छुट्याई कटानी शुरू भै नसकेको भए क्रमशः क्षतिपूर्ति दिने व्यवस्था गरी क्रमशः हटाउने, नयाँ थप वन कटानी नगर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६६०

तर आरक्ष विस्तार गर्ने सिलसिलामा उठाउनु पर्ने नम्बरी आवादी र अव्यवस्थित परिवारलाई व्यवस्थित गर्ना निमित्त हाल कटान भै सकेको उल्टाखाम ब्लकको वन क्षेत्र र ढक्का ब्लकको कटान गरिने क्षेत्रबाट र यी दुवै क्षेत्रबाट नपुग भएमा आरक्षको पश्चिमी भागको मझगाउँ र पिपरैया गाउँतर्फको क्षेत्रको नक्शामा देखाइए अनुसारको चोसा चोसी परेको जङ्गल क्रमशः कटान गरी जग्गा उपलब्ध गराउने। गोबैया नालालाई नै उत्तरी सीमाना कायम गर्ने,

१०. योजनानुसार सुरक्षा पेटीहरू कायम गर्दा सो क्षेत्रमा बसोबास गर्नेहरूलाई अब सट्टा भर्ना दिई हटाउने व्यवस्था नगर्ने,

यस्ता सुरक्षा पेटीमा कृषिजन्य वन व्यवस्था (एग्रो फरेष्ट्री) को सिद्धान्त अपनाई खेतीको साथै वृक्षारोपण गराउने व्यवस्था गर्ने। यस क्षेत्रमा अव्यवस्थित रूपले बसेकालाई हाललाई व्यवस्थित गरी उपरोक्त कार्यक्रम चालू गर्ने। नम्बरीवाला जग्गाधनीहरूलाई पनि कृषि ऋण जस्तो नगदी ऋणको सुविधा उपलब्ध समेत गराई वृक्षारोपणमा प्रोत्साहन गर्ने। यस्तो कृषिजन्य वन व्यवस्था स्थायी रूपमा गर्न नचाहनेहरूलाई क्रमशः नगदी मुआब्जा दिई हटाउने,

११. राजमार्ग दक्षिणका ठूला ठूला जङ्गलको बीचमा रहेका फाटफुट आवादीहरू र लगत भएका अव्यवस्थित बसोबासीलाई त्यहीं व्यवस्थित गरी हाल आन्तरिक सीमाङ्कन गरी राख्ने र पछि मुआब्जाको व्यवस्था गरी क्रमशः हटाउने गर्ने। आवादीहरूको बीच बीचमा रहेका फाटफुट जङ्गलहरू पनि नकाटी ग्रामीण उपयोगका लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने,

१२. बसोबास गराउना निमित्त परिवारको छनौट गर्दा वा बसोबास व्यवस्थित गराउँदा स्थानीय पिछडिएका वर्गहरूको हकमा विशेष ध्यान दिने, दिलाउने,

१३. नम्बरी जग्गाको नाताले नम्बरीभन्दा बढी जग्गा ओगटेकाहरूको बढी जग्गा झिकी पुनर्वाससम्बन्धी नियम व्यवस्थानुसार वितरण गर्ने,

१४. समितिले बसोबास गराउनु पर्ने भनी तोकेको क्षेत्र वन क्षेत्रमा पर्न गए सो क्षेत्रको वन पैदावार सम्बन्धित निकायबाट समितिले हटाउन लगाउन सक्ने,

१५. योजनानुरूप बसोबासको निमित्त छुटचाउने जग्गा छुटचाउँदा र वन सीमाना सोझो पार्दा बसोबास लायक वा बेलायक जमीन सरजमीनमै हेरी व्यवहारिकताको आधारमा छुटचाउन लगाउने,

१६. सट्टा भर्ना पाउने जग्गावालालाई एक ठाउँभन्दा बढी ठाउँको जग्गाबाट सट्टा भर्ना दिनु परेमा निजले पाउने सट्टा भर्ना जग्गा सकेसम्म एकै ठाउँमा दिन लगाउन सक्ने,

१७. समितिले आफ्नो कार्य क्षेत्रमा आइपरेको वा पर्ने अन्य समस्याहरूलाई समितिलाई भएको अधिकार र व्यवहारिकताको आधारमा समाधान गर्ने गराउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. यस निर्णय अनुसार समितिले गर्नु पर्ने काम सम्पन्न गराउने सम्बन्धमा समितिले श्री ५ को सरकारका विभिन्न निकायहरूद्वारा गर्न गराउन आवश्यक निर्देशन वा आदेश दिन सक्ने,

१९. माथि उल्लेखित काम, कर्तव्य, अधिकारको अतिरिक्त श्री ५ को सरकारको निर्णय निर्देशन अनुसार काम गर्ने ।

(ग) समितिको कार्यविधि र ठाउँः–

१. समितिको कार्य अवधि ०३९ साल आषाढ मसान्तसम्म तोकिएको छ ।

२. यस समितिले माथि लेखिएका कुराहरूमा सोहीबमोजिम र अरू काम कुराहरूमा कञ्चनपुर जिल्ला वन बसोबास योजना तथा पुनर्बास कम्पनीको कार्यविधि अनुसार गर्नेछ ।

३. यस समितिको कार्यक्षेत्र महाकाली अञ्चल कञ्चनपुर जिल्ला हुनेछ ।

(घ) विघटनः–

कञ्चनपुर जिल्ला वन र बसोबाससम्बन्धी समस्या समाधान अधिकार सम्पन्न आयोग विघटन गरिएको छ ।

आज्ञाले–
एमरल्ड ज. ब. राणा
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## वन तथा भू–संरक्षण मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति ०३८।९।१७ को निर्णयानुसार वन क्षेत्र सुदृढीकरणको लागि देहायबमोजिमको "कैलाली जिल्ला वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति" गठन गरेको छ ।

(क) समितिको गठनविधिः–

| | | | |
|---|---|---|---|
| १. | भू. पू. न्यायाधीश, श्री ब्रह्मदत्त तिवारी– | | अध्यक्ष |
| २. | श्री नरेन्द्र चौधरी– | | सदस्य |
| ३. | सम्बन्धित | अञ्चलाधीश– | " |
| ४. | " | कन्जरभेटर– | " |
| ५. | " | प्रहरी उपरीक्षक– | " |
| ६. | " | जिल्ला पञ्चायत सभापति– | " |
| ७. | " | प्रमुख जिल्ला अधिकारी– | " |
| ८. | " | मालपोत अधिकृत– | " |
| ९. | " | बसोबास प्रशासक– | " |
| १०. | " | नेपाल पुनर्वास कम्पनी आयोजना प्रमुख– | " |
| ११. | " | नापी क्याम्पका प्रमुख वा उप-प्रमुख– | " |
| १२. | " | डी. एफ. ओ.– | सदस्य-सचिव |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) समितिको काम, कर्तव्य र अधिकारः–

१. कैलाली जिल्लाको बसोबास तथा पुनर्वासको विभिन्न क्षेत्रहरूमा भएको वन अतिक्रमण हटाउने, नम्बरीको जरियाबाट बढी जग्गा ओगट्नेहरूको जग्गा झिकी वितरण गर्नु पर्नेहरूलाई वितरण गर्ने, कार्यक्रम अनुसार सुरक्षा पेटी कायम गर्दा वन क्षेत्र कटान भै सकेको क्षेत्रबाट पुग्ने भए सट्टा भर्ना दिई बसोबास सारी व्यवस्थित गर्ने र जग्गा नपुग हुनेहरूलाई मुआब्जाको व्यवस्था गरी क्रमशः उठाउने र अव्यवस्थितलाई सारी अन्यत्र व्यवस्थित गर्ने,

२. वन जङ्गल अतिक्रमण गरी बसोबास गरेका व्यक्तिहरूलाई सो क्षेत्रबाट हटाउने,

३. समितिको मुख्य कर्तव्य वनमा अतिक्रमण हटाई वन जङ्गलको सुदृढीकरण गर्ने र नयाँ वन अतिक्रमण हुन नदिने,

४. सट्टा भर्ना दिना निमित्त छुट्याइएको जग्गामा अरू उनाउ व्यक्तिहरू आई जबर्जस्ती बसेकाहरूलाई सो क्षेत्रबाट हटाई सट्टा भर्ना दिनु पर्नेहरूलाई दिने,

५. अव्यवस्थित बसोबासको सिलसिलामा लगत लिई सकेको जतिको मात्र कारवाही गर्ने । त्यस्तो लगतमध्ये व्यवस्थित नगरी नहुनेलाई मात्र समितिले लगतको पुनरावलोकन गरी व्यवस्थित गराउने,

६. ऐलानी जग्गा वितरण गर्ने सिलसिलामा जग्गा चलानी पुर्जा एकको नाममा भएको तर जग्गाको जोत भोग अरूले नै गरी विवाद उत्पन्न भएकोमा वास्तविक जोत भोगवाला पत्ता लगाई निजकै नाममा जग्गाधनी पुर्जा वितरण गर्ने,

७. पुनर्वास, बसोबास गराउने तथा सट्टा भर्ना दिने सम्बन्धमा वन क्षेत्र छुट्याई पूरा वा आंशिक कटान गरी सकेको क्षेत्रहरूमा योजना तथा निर्णय अनुसार बसोबास गराउने,

८. वन क्षेत्रमा बसोबास गराउने क्षेत्र तोकी निर्णय भै आंशिक रूपमा कार्यक्रम चालू भै सकेको क्षेत्रमा पनि वन पैदावारको सदुपयोगको कार्यक्रम बनाई क्रमिक रूपमा कटानी गर्ने,

९. सट्टा भर्ना दिई हटाउने क्षेत्रको सन्दर्भमा वन क्षेत्र छुट्याई कटानी शुरू भै नसकेको भए क्रमशः क्षतिपूर्ति दिने व्यवस्था गरी क्रमशः हटाउने, नयाँ थप वन कटानी नगर्ने,

१०. कार्यक्रम अनुसार सुरक्षा पेटीहरू कायम गर्दा सो क्षेत्रमा बसोबास गर्नेहरूलाई अब सट्टा भर्ना दिई हटाउने व्यवस्था नगर्ने,

यस्ता सुरक्षा पेटीमा कृषिजन्य वन व्यवस्था (एग्रो फरेष्ट्री) को सिद्धान्त अपनाई खेतीको साथै वृक्षारोपण गराउने व्यवस्था गर्ने । यस क्षेत्रमा अव्यवस्थित रूपले बसेकालाई हाललाई व्यवस्थित गरी उपरोक्त कार्यक्रम चालू गर्ने । नम्बरीवाला जग्गाधनीहरूलाई पनि कृषि ऋण जस्तो नगदी ऋणको सुविधा उपलब्ध समेत गराई वृक्षारोपणमा प्रोत्साहन गर्ने । यस्तो कृषिजन्य वन व्यवस्था स्थायी रूपमा गर्न नचाहनेहरूलाई क्रमशः नगदी मुआब्जा दिई हटाउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६२

११. आवादीहरूको बीच बीचमा रहेका फाटफुट जङ्गलहरू पनि नफाटी ग्रामीण उपयोगका लागि पञ्चायत संरक्षित वन राख्ने व्यवस्था गर्ने,

१२. बसोबास गराउना निमित्त परिवारको छनौट गर्दा वा बसोबास व्यवस्थित गराउँदा स्थानीय पिछडिएका वर्गहरूको हकमा विशेष ध्यान दिने, दिलाउने,

१३. नम्बरी जग्गाको नाताले नम्बरीभन्दा बढी जग्गा ओगटेकाहरूको बढी जग्गा झिकी पुनर्वाससम्बन्धी नियम व्यवस्थानुसार वितरण गर्ने,

१४. समितिले बसोबास गराउन् पर्ने भनी तोकेको क्षेत्र वन क्षेत्रमा पर्न गए सो क्षेत्रको वन पैदावार सम्बन्धित निकायबाट समितिले हटाउन लगाउन सक्ने,

१५. बसोबासको निमित्त छुटयाउने जग्गा छुटयाउँदा र वन सीमाना सोझो पार्दा बसोबास लायक वा बेलायक जमीन सरजमीनमै हेरी व्यवहारिकताको आधारमा छुटयाउन लगाउने,

१६. बसोबास लायक नठहरिने वन क्षेत्र बसोबासको निमित्त नछुटयाई वन नै कायम गर्न लगाउने,

१७. नम्बरीदार र अव्यवस्थित बसोबासी समस्या बारे सरजमीनमै गई हेरी समाधान गर्न लगाउने,

१८. समितिले आफ्नो कार्य क्षेत्रमा आई परेको वा पर्ने अन्य समस्याहरूलाई समितिलाई भएको अधिकार र व्यवहारिकताको आधारमा समाधान गर्ने गराउने,

१९. यस निर्णय अनुसार समितिले गर्नु पर्ने काम सम्पन्न गराउने सम्बन्धमा समितिले श्री ५ को सरकारका विभिन्न निकायहरूद्वारा गर्न गराउन आवश्यक निर्देशन वा आदेश दिन सक्ने,

२०. माथि उल्लेखित काम, कर्तव्य, अधिकारको अतिरिक्त श्री ५ को सरकारको निर्णय निर्देशन अनुसार काम गर्ने ।

(ग) समितिको कार्यविधि र ठाउँः–

१. समितिको कार्य अवधि ०३९ साल आषाढ मसान्तसम्म तोकिएको छ ।

२. यस समितिले माथि लेखिएका कुराहरूमा सोहीबमोजिम र अरू काम कुराहरूमा बसोबास तथा पुनर्वास कम्पनीको कार्यविधि अनुसार गर्नेछ ।

३. यस समितिको कार्यक्षेत्र सेती अञ्चलको कैलाली जिल्ला हुनेछ ।

(घ) विघटनः–

कैलाली जिल्ला वन र बसोबाससम्बन्धी समस्या समाधान अधिकार सम्पन्न आयोग विघटन गरिएको छ ।

आज्ञाले–
एमरल्ड ज. ब. राणा
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६९०४